# पर्यटकहरूको आवागमनलाई व्यवस्थित गर्ने सम्बन्धी मापदण्ड, २०७७

कोभिड-१९ सङ्क्रमण नियन्त्रण र रोकथाममा प्रतिकूल असर नपर्ने गरी नेपाल आउने पर्यटकहरूको आवागमनलाई व्यवस्थित गर्न पर्यटकहरूको आवागमनलाई व्यवस्थित गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) ले यो मापदण्ड जारी गरेको छ।

## क. पर्यटनका लागि नेपाल आउनु अघि पूरा गर्नुपर्ने प्रक्रिया

१. पर्यटकीय गतिविधिका लागि नेपाल आउन चाहने पर्यटकले नेपालमा रहेको पर्यटनसँग सम्बन्धित कुनै एजेन्सीसँग समन्वय गरी पर्यटनसम्बन्धी कार्यक्रम निश्चित गरेपछि सम्बन्धित एजेन्सीले पर्वतारोहणका लागि पर्यटन विभाग र अन्य पर्यटकीय गतिविधिका लागि नेपाल पर्यटन बोर्डमा अनुरोध गर्नेछ।

२. नेपालमा स्वास्थ्य सम्बन्धी सेवा प्राप्त गर्न चाहने पर्यटकले कुनै स्वास्थ्य संस्थासँग समन्वय गरी कार्यक्रम निश्चित गरेपछि सम्बन्धित संस्थाले नेपाल पर्यटन बोर्डमा अनुरोध गर्नेछ।

३. सम्बन्धित एजेन्सी वा संस्थाको अनुरोधपश्चात् विभाग वा बोर्डले परराष्ट्र मन्त्रालय र अध्यागमन विभागमा सिफारिस गर्नेछ। सम्बन्धित एजेन्सी वा संस्थाले यस्तो सिफारिसको जानकारी नेपाल आउन चाहने पर्यटकलाई समेत गराउनुपर्नेछ।

## ख. नेपाल प्रवेश गर्ने प्रवेशाज्ञा (Visa) सम्बन्धी व्यवस्था

४. पर्यटकले नेपाल आउनु अघि सम्बन्धित मुलुकमा रहेको नेपाली नियोगबाट नेपालको भिसा लिनुपर्नेछ। सम्बन्धित नियोगले दफा ७ को खण्ड (ख), (ग) र (घ) मा उल्लिखित कागजातहरू परीक्षण गरी खण्ड (क) मा उल्लिखित व्यवस्थाको बारेमा जानकारी गराई भिसा जारी गर्न सक्नेछ।

५. हवाई मार्गबाट नेपाल आउने पर्यटकले सम्बन्धित मुलुकमा नेपालको भिसा उपलब्ध नहुने वा कठिन भएको अवस्थामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन बिन्दुमा अन एराईभल भिसा (On Arrival Visa) प्राप्त गर्न सक्नेछ। तर, सतहमार्ग बाट नेपाल प्रवेश गर्ने पर्यटकले भने विदेशस्थित नेपाली नियोगबाट भिसा लिएर मात्र नेपाल प्रवेश गर्न सक्नेछ।

यादव प्रसाद कोइराला
सचिव

६. अन अराईभल भिसा प्राप्त गर्न चाहने पर्यटकले दफा ७ मा उल्लिखित वायुसेवाको चेक-इन काउन्टर (Check-in Counter) मा प्रस्तुत गरेका कागजातहरू आफूसँगै राखी विमानस्थलस्थित अध्यागमन बिन्दुमा पेश गर्नुपर्नेछ। यस्ता पर्यटकलाई प्रचलित कानुन र अध्यागमन निर्देशिका बमोजिम अन अराईभल भिसा उपलब्ध गराइनेछ।

## ग. नेपाल आउनु अघि प्रस्तुत गर्नुपर्ने कागजातहरू

७. पर्यटकले नेपालका लागि प्रस्थान गर्दा विमानभित्र प्रवेश हुनु (Boarding) पूर्व सम्बन्धित वायुसेवाको चेक-इन काउन्टरमा देहायका कागजात पेश गर्नुपर्नेछः-

(क) बोर्डिङ हुनुभन्दा बढीमा ७२ (बहत्तर) घण्टा अगाडि दिएको स्वाबको कोरोना पि. सि. आर. (Polymerase Chain Reaction: PCR) परीक्षण गर्दा कोरोना नेगेटिभ भएको कागजात वा कोभिड विरुद्धको खोपको मात्रा पूरा गरेको कागजात।

(ख) नेपाल आउनको लागि प्राप्त गरेको भिसा वा नेपालको पर्यटकीय गतिविधिमा सहभागी हुने पर्यटन विभाग वा नेपाल पर्यटन बोर्डको सिफारिसको कागजात।

(ग) नेपालमा होटल बुकिङ गरेको वा बसोबास सुनिश्चित भएको प्रमाण।

(घ) आपतकालीन खोज, उद्धार, उपचारलगायतका विषय समेटिएको नेपाल यात्रा अवधिभरका लागि मान्य हुने गरी गरिएको यात्रा बिमा गरेको कागजात।

८. सम्बन्धित वायुसेवाले दफा ७ बमोजिमा कागजात भएको सुनिश्चित गरेर मात्र सम्बन्धित यात्रुलाई विमानभित्र प्रवेश दिनुपर्नेछ।

## घ. नेपाल आएपछिको व्यवस्थापन

९. कोभिडविरुद्धको खोप लगाएका र पि. सि. आर. परीक्षणको प्रतिवेदन लिएर आएका पर्यटकले नेपाल आइसकेपछि सम्बन्धित एजेन्सी वा संस्थाको समन्वयमा आफ्नै खर्चमा पि. सि. आर. परीक्षण गराई नतिजा नआएसम्म होटल क्वारेन्टीनमा बस्नु पर्नेछ। यस्तो परीक्षणको नतिजा पोजिटिभ आएमा नेगेटिभ नआएसम्म प्रचलित स्वास्थ्य मापदण्ड पालना गर्दै आफ्नै खर्चमा होटल क्वारेन्टीनमा बस्नु पर्नेछ। परीक्षणको नतिजा नेगेटिभ आएका पर्यटक सम्बन्धित संस्था वा एजेन्सीमार्फत् पदयात्रा वा पर्वतारोहणमा जान वा सम्बद्ध पर्यटकीय गतिविधिमा सहभागी हुन सक्नेछन्।

१०. सम्बन्धित संस्था वा एजेन्सीले पर्यटकका साथमा जाने नेपाली सहयोगी वा नेपाली सदस्यहरूको कम्तीमा एक लाख रुपैयाँको कोरोनासम्बन्धी बिमा गर्नुपर्नेछ।

## ङ. भारतीय पर्यटकसम्बन्धी विशेष व्यवस्था

११. हवाई मार्गबाट नेपाल आउने भारतीय पर्यटकको हकमा "Nepal-India Travel Bubble Agreement" अनुरूपको व्यवस्था कायम रहनेछ।

१२. स्थलमार्गबाट नेपाल आउने भारतीय पर्यटकले दफा ७ को खण्ड (क) बमोजिमका कागजात नेपाल-भारत सीमाको अध्यागमन बिन्दुमा पेश गर्नुपर्नेछ।

१३. नेपाल भ्रमण गर्न भारतीय पर्यटकले नेपाल सरकारले स्वीकृत गरेको स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको पूर्ण पालना गर्नुपर्नेछ।

## च. सरोकारवालाहरूको भूमिका

१४. पर्यटकलाई नेपाल आउन समन्वय र सहयोग गर्ने संस्था वा एजेन्सीले सम्बद्ध पर्यटकलाई पदयात्रा, पर्वतारोहण वा अन्य पर्यटकीय गतिविधिमा सरिक गराउनुअघि पालन गर्नुपर्ने मापदण्डहरूका बारेमा पूर्ण जानकारी गराउनुपर्नेछ।

१५. सम्बन्धित संस्था वा एजेन्सीले नेपाल आएका पर्यटकले पर्यटकीय गतिविधि शुरु गर्नुपूर्व र निज नेपालबाट प्रस्थान गरेपछि निजको विवरण पर्यटन विभाग वा नेपाल पर्यटन बोर्डमा पेश गर्नुपर्नेछ।

१६. पर्यटन विभाग र नेपाल पर्यटन बोर्डले सम्बन्धित संस्था वा एजेन्सीबाट प्राप्त पर्यटकको विवरण संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाउनुपर्नेछ।

१७. आफ्नो समन्वयमा आएका पर्यटक नेपालमा रहुञ्जेल निजको गतिविधिको निगरानीलगायत उपचारको सम्पूर्ण जिम्मा सम्बन्धित संस्था वा एजेन्सीको हुनेछ।

१८. पर्यटकहरूले नेपालमा पर्वतारोहण वा पदयात्रा वा अन्य पर्यटकीय गतिविधिमा सरिक हुँदा स्वीकृत स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड पालना गर्नु गराउनु सम्बन्धित संस्था वा एजेन्सीको कर्तव्य हुनेछ।

## छ. अनुगमन तथा कारबाही

यादव प्रसाद कोइराला
सचिव

१९. प्रकरण च. बमोजिमको प्रावधान पालना गरे नगरेको सम्बन्धमा पर्यटन विभाग र नेपाल पर्यटन बोर्डले सम्बन्धित संस्था वा एजेन्सीको अनुगमन गर्नेछन्।

२०. सम्बन्धित स्थानीय तह तथा स्थानीय प्रशासनले कुनै पर्यटक वा संस्था वा एजेन्सीले स्वीकृत स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड पालना गरे नगरेको सम्बन्धमा पर्यटन विभाग वा नेपाल पर्यटन बोर्डलाई सूचित गर्न सक्नेछ।

२१. अनुगमनबाट कुनै पर्यटक वा संस्था वा एजेन्सीले मापदण्ड पालन नगरेको देखिएमा सम्बन्धित पर्यटक र सम्बन्धित संस्था वा एजेन्सीलाई प्रचलित कानुनबमोजिम कारबाही हुनेछ।

**ज. अन्य व्यवस्था**

२२. पर्यटकले पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था पर्यटन विभागले समय समयमा तोकेबमोजिम हुनेछ।

**झ. खारेजी**

२३. नेपाल आउने पर्यटकसम्बन्धी यस अघि जारी भएका मापदण्ड तथा आदेशहरू खारेज गरिएको छ।

यादव प्रसाद कोइराला
सचिव